*[संवत् २०४१ सालको 'मदन पुरस्कार' 'प्रत्यागमन' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री कन्चन पुडासैनीलाई समर्पण गर्न संवत् २०४२ साल कार्तिक २ गते रोज ६ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन । यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १०५ बाट उद्धृत गरिएको हो ।]*

अध्यक्षज्यू र वन्धुगण !

यो धन्यवाद ज्ञापनको पालो हो । तर यसपटक म यसको 'थिम' अलिकति बदलूँ कि भन्छु। धन्यवाद त सधैं भएकै हो– यसपालि धन्यवादका साथ क्षमायाचना जोडूँ कि भन्ने मेरो आसय हो। त्यसको कारण छ। पहिलो त आज पानी परेकोमा हाम्रो दोष नभए पनि क्षमा माग्छु। अनि हामी जानी नजानी आफैंले या परोक्ष धेरै जनालाई अप्ठेरोमा पारेका छौं। त्यसमा हामीले क्षमा माग्नुपरेको छ।

पहिले त तपाईहरूलाई बोलाएर यति सानो कोठामा यसरी कोच्चिएर बस्नुपर्ने पारेकोमा हामी क्षमा चाहन्छौं। तपाईहरूको त हद्द दर्शनसम्म पाउन हामीले निम्त्याउन सक्यौं– तपाईहरूभन्दा बाहिर पचासौं हजार नेपाली लेखक कवि विद्वान्हरूलाई त निम्त्याउन पनि सकेनौं, उहाँहरू सबैसँग एकट्ठा क्षमाप्रार्थना गर्नुपरेको छ। अरू त्यति सबै जनाको प्रतिनिधित्व गरिदिनुस् भनेर यो बोझ तपाईहरूका काँधमा हालिदिन परेकोमा तपाईहरूसँग झन् माफी माग्नुपरेको छ !

कविजी, तपाईंसँग पनि क्षमायाचना गर्नुछ। हामीले गर्दा नै तपाईंले यसपटक केही तीतामीठा सुन्नुपर्‍यो। यो पुरस्कारको घोषणा नभएको भए तपाईंलाई यस्तो र त्यस्तो भनी कसैले अखबारमा छाप्ने थिएन। हाम्रो लागि तपाईंले अखानो खप्नुपरेकोमा क्षमा दिनुहोला।

हाम्रा ग्रन्थका परीक्षकहरूसँग पनि हामीले क्षमा माग्नु छ– त्यति निष्ठा त्यति निःस्वार्थ भावले परिश्रम गरेर उहाँहरूले ग्रन्थ जाँच्नुभयो। आफ्नो मन्तव्य

दिनुभयो । उहाँहरूमाथि, उहाँहरूको दृष्टिमाथि लाञ्छना लाग्यो, पक्ष गरेको दोष लाग्यो। विनादोष दोषभागी हुन पुग्नुभएका हाम्रा श्रद्धेय परीक्षकज्यूहरूसँग क्षमायाचना गर्दछौं ।

यसरी परोक्ष रूपमा हामीले तपाईं विद्वान्हरूसँग फेरि क्षमायाचना गर्नुपर्दछ। किनभने हाम्रा परीक्षक अन्ततोगत्वा तपाईंहरू नै हुनुहुन्छ– नेपालका बुद्धिजीवीहरू। तपाईं– हामीमध्येकै हुन्छन् परीक्षकहरू– नेपाली बुद्धिजीवीहरूका एकआधा अङ्ग । पुरस्कारका प्रत्याशी पनि तपाईं, परीक्षक पनि तपाईं ! एक अंग अर्को अंगलाई दोषारोपण गर्छ भने– बीचमा हामीले क्षमायाचना गर्नै पर्दछ ।

यो क्षमायाचनाको यत्रो ताँतीमा अर्को क्षमायाचना गर्नुपरेको छ । त्यो क्षमायाचनाचाहिँ अलिकति बगली हलुका पारिदिने जमर्को हो। यो "प्रत्यागमन" भन्ने ग्रन्थ किनेर पढिदिएर अनिपछि यसबारे बोलिदिन, लेखिदिन आग्रह गर्दछु। पुरस्कृत कितापै नपढी त्यसबारे यस्तो र उस्तो भन्ने टीकाटीप्पणी नभइदिए राम्रो हुन्थ्यो। पढेर त्यसलाई गाली गर्नुपरे, लेखिदिएमा हामी 'नेपाली'मा पनि त्यो छाप्ने थियौं भन्ने मेरो आसय हो ।

अर्को एउटा कुरा भनूँ– यो रुन्चे-कथा होइन । साधारणतः हामी यस्ता कुरालाई यो रमाइलो बेलामा ल्याउने गर्दैनथ्यौं। तर यसपटक अलि बढ्तै भयो। पुरस्कारको घोषणा भएपछि अलिअलि 'माला र मुक्का' (यो शब्द जोरिदिने 'समीक्षा'को आभार मान्छु) गुठीले जहिले पनि पाउँछ, पाइआएकै हो। त्यो यसपटक अलि अर्कै पाराले आयो। एउटा कविता भएर आयो। एउटा साप्ताहिकमा छापिएको छ त्यो। पुरस्कारका एक जना प्रत्याशीले– आफूले नपाई अर्काले पाएकोमा नातावाद कृपावाद आदि धेरै वादले गुठीलाई विभूषित गरेर यस गुठीलाई 'कुहिएको रौरव' भन्नुभएछ। यसमा लामो कुरा किन गर्नु, यस्तो रमाइलो बेलामा ? खालि कति भनूँ भने यस्तायस्ता महीपीहरू भएको यो गुठी, रानी जगदम्बा जस्ता नेपाली विभूति रहेको यस गुठीमा रौरव गह्नाउँदैन, नन्दन जस्तो बास्ना आउँछ ।

यही स्वर्गका नन्दनसम्म पुगेर यसपटकको धन्यवाद ज्ञापन टुङ्ग्याउने अनुमति चाहन्छु। धन्यवाद !

☒ ☒ ☒